## राष्ट्रिय...

गोकुलेश्वर क्षेत्रमा पुगेको ११ केभी विद्युत् सेवालाई तत्काल खलंगासम्म जोड्ने प्राधिकरणको तयारी छ। थालिगाडको सबस्टेसन निर्माण सम्पन्न भएपछि भने ३३ केभी विद्युत् सेवा नै जोडिने वितरण केन्द्र प्रमुख दयाराम शाहले बताए। 'सबस्टेसन निर्माण नहुन्जेलसम्म ११ केभी विद्युत् सेवा जोडिने हो, सबस्टेसन बनिसकेपछि भने ३३ केभी विद्युत्

२०७६/०२/०५ अन्नपूर्ण पोष्टमा प्रकाशित

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

CHHIMEK

(नेपाल राष्ट्र बैङ्कबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय, नयाँ बानेश्वर-३१, काठमाण्डौ

फोन ०१-४४९०५१३, ४४६४८५२, फ्याक्स ०१-४४६५७८५

को

## शेयरधनीहरूलाई
## नगद लाभांश तथा बोनश शेयर वितरण सम्बन्धी सूचना

यस छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७६/०१/३० गते सम्पन्न १७औं वार्षिक साधारण सभाबाट शेयरधनीहरूलाई आ.व. २०७४/०७५ को कायम चुक्ता पूँजीको २२ प्रतिशतका दरले नगद लाभांश (नगद लाभांश तथा बोनस शेयरमा लाग्ने कर समेत) तथा १८ प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित भए बमोजिम उक्त नगद लाभांश आज मिति २०७६/०२/०५ गतेबाट देहाय बमोजिम निजहरूको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा नगद लाभांश जम्मा गरिने र भौतिक रूपमा शेयर धारण गर्नुभएका शेयरधनीहरूलाई यस लघुवित्त वित्तीय संस्थाको शेयर अभौतिकिकरण गराए पश्चात क्रमशः निजहरूको बैंक खातामा जम्मा गरिने व्यहोरा जानकारी गराउँदछौं ।

क. संस्थापक शेयरधनीहरूको हकमा छिमेक लघुवित्त वित्तीय संस्था मार्फत नै नगद लाभांशको रकम शेयरधनीहरूको बैंक खातामा जम्मा गरिनेछ ।

ख. सर्वसाधारण शेयरधनीहरूको हकमा मात्र एनएमबि क्यापिटल लिमिटेड मार्फत नगद लाभांशको रकम शेयरधनीहरूको बैंक खातामा IPS मार्फत खातामा जम्मा गरिनेछ ।

ग. साधारण सभा प्रयोजनकालागि शेयर दाखिला खारेजी बन्द हुने मिति सम्ममा कायम रहेका शेयधरनीहरूको अभौतिक शेयर रहेको हितग्राही खातामा निजको बैंक खाताको विवरण अद्यावधिक भएको हकमा नगद लाभांशको रकम सोही खातामा नै जम्मा हुनेछ ।

घ. हालसम्म पनि भौतिक रूपमा नै शेयर प्रमाणपत्र राख्नु भएका शेयरधनी महानुभावहरूले आफ्नो शेयर अभौतिकरण गराउनु भए पश्चात तथा अभौतिकीकरण गराएर पनि हितग्राही खातामा आफ्नो बैंक खाताको विवरण अद्यावधिक नगराउनु भएका शेयरधनी महानुभावहरूले हितग्राही खातामा आफ्नो बैंक खाताको विवरण अद्यावधिक गराए पश्चात क्रमशः नगद लाभांशको रकम सोही खातामा नै जम्मा गरिनेछ ।

ङ. बैंक खातामा नगद लाभांश जम्मा गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमानुसार कुनै शुल्क लाग्ने भएमा सो शुल्क शेयरधनीले नै व्यहोर्नुपर्नेछ ।

**बोनस शेयर वितरण सम्बन्धमा**

१७औं वार्षिक साधारण सभाबाट शेयरधनीहरूलाई १८ प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित भए बमोजिम लघुवित्त वित्तीय संस्थाका शेयरधनीहरूलाई साधारण सभा प्रयोजनार्थ शेयरधनी दर्ता पुस्तिका बन्द हुँदाका वखत अभौतिक रूपमा शेयर धारण गर्नु भएका शेयरधनीहरूलाई बोनस शेयर सूचिकरण भए पश्चात निजको खातामा उल्लेखित बोनस शेयर जम्मा गरिने र भौतिक रूपमा शेयर धारण गर्नुभएका शेयरधनीहरूले निजहरूको यस लघुवित्त वित्तीय संस्थाको शेयर अभौतिकिकरण भए पश्चात स्वतः निजहरूको खातामा जम्मा गरिने व्यहोरा जानकारी गराउँदै भौतिक रूपमा शेयर धारण गर्नुभएका शेयरधनीहरूलाई आफ्नो शेयर अभौतिक गराउनु हुन समेत यसै सूचनाद्वारा अनुरोध गर्दछौं ।

**आफ्नो शेयर धितोमा राखी कर्जा सुविधा उपभोग गर्दै आउनु भएका शेयरधनीहरुको हकमाः**

यस साधारणसभा प्रयोजनकोलागि शेयर दाखिला खारेज बन्द भएको मिति २०७६/०१/१६ गते भन्दा अघिल्लो दिनसम्ममा धितो बन्धक राखी कर्जा लिएका शेयरधनीको नगद लाभांश/बोनश शेयर सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter प्राप्त भए पश्चात् मात्र बैंक खाता/हितग्राही खातामा जम्मा गरिने र सो मिति पश्चात् कर्जा चुक्ता भुक्तानी गर्नु भएका शेयरधनीको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको फुकुवा पत्र (Release Letter) प्राप्त भए पश्चात् मात्र बैंक खाता/हितग्राही खातामा जम्मा गरिने ब्यहोरा समेत यसै सूचना मार्फत सूचित गर्दछौं ।

अन्य थप जानकारीका लागि यस लघुवित्त वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौंमा सम्पर्क राख्नुहुन समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**शेयर रजिष्ट्रारः**

NMB
NMB CAPITAL

**एनएमबि क्यापिटल लिमिटेड**
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np Url: www.nmbcl.com.np